# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः २०८२/१२/०३**

जिल्ला काभ्रेपलान्चोक साविक नारायणस्थान गा.वि.स. वडा नं. ८ हाल परिवर्तित तेमाल गा.पा. वडा नं.५ घर भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.१० मा समेत घर भई कान्तिपुर सेभिङ एण्ड क्रेडिट को. अपरेटिभ लि.का संचालक सदस्य/अध्यक्ष हाल केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल सुन्धारामा थुनामा रहेका वर्ष ४९ को सि.बि. लामा भन्ने चन्द्र बहादुर तामाङ समेतले सम्पत्ति शुद्धीकरणको कसुर गरेको हुन सक्ने भन्ने व्यहोराको विभागमा प्राप्त उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी सि.बी लामा भन्ने चन्द्र बहादुर तामाङले जम्मा बिगो रू. ९९,८०,४८,०१९.४५ (उनान्सय करोड असी लाख अठचालिस हजार उन्नाईस रुपैंया पैंतालिस पैसा मात्र) बराबरको सम्पत्ति शुद्धीकरण गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन,२०६४ (संशोधन समेत) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) **तथा सोही दफाको उपदफा (३)** बमोजिमको कसूर गरेकोले निज प्रतिवादीलाई **सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ (संशोधन समेत) को दफा ३० उपदफा (१) बमोजिम सजाय हुन** साथै यी प्रतिवादी सि.बी. लामा भन्ने चन्द्र बहादुर तामाङ सूचक संस्थाको रुपमा कान्तिपुर र पशुपति सेभिङ को अपरेटिभ संस्थाका संचालक अध्यक्ष र हाल सदस्य पदको जिम्मेवार पदाधिकारी रहेको हुनाले निजलाई **ऐ, ऐनको दफा ३० को उपदफा (७) बमोजिम थप सजाय** हुनका साथै सम्पत्ति शुद्धीकरण गरी जम्मा गरेको निम्न बमोजिमको चल अचल सम्पत्ति, नगद, शेयर र निजको छोरा सुयोग्य तामाङको नाममा रहेको शेयर र सोबाट बढे बढाएको सम्पत्तिहरू ऐ. ऐनको दफा १८ बमोजिम काठमाडौं ललितपुर, भक्तपुर र काभ्रे समेतको विभिन्न ८ कित्ता जग्गा र बैंक मौज्दात वापतको रकम रु. ३,३३,७७६.२७ र विभिन्न कम्पनीको शेयर समेत जफत हुन,

**प्रतिवादी हिमालय बिक्रम मल्ल ठकुरीको हकमा** बिगो **रू.३४,१७,२३,०६८.६९** (चौंतिस करोड सत्र लाख तेईस हजार अठसठ्ठी रुपैंया उनान्सत्तरी पैसा) कायम **रोक्का** रहेका चल/अचल सम्पत्तिहरु सम्पत्ति **जफत हुन, प्रतिवादी देवराज पराजुलीका हकमा** बिगो रु.११,७०,५३,७५८.३०।– (एघार करोड सत्तरी लाख त्रिपन्न हजार सात सय अन्ठाउन्न रुपैंया तीस पैसा) बराबरको बिगो कायम गरी चल/अचल सम्पत्तिहरु जफत हुन, **प्रतिवादी प्रेमध्वज लामाको हकमा** बिगो रू. २६,८०,११,८१६.६९ (छब्बीस करोड असी लाख एघार हजार आठसय सोह्र रुपैया उनान्सत्तरी पैसा) बराबरको बिगो कायम चल/अचल सम्पत्तिहरु जफत हुन, **प्रतिवादी जोगलाल लामाको हकमा** बिगो रू. ११,८३,२१,४०७.५९ (अक्षेरेपी एघार करोड त्रियासी लाख एक्काईस हजार चार सय सात रुपैंया उनान्साठी पैसा) कायम चल/अचल सम्पत्तिहरु **जफत हुन, प्रतिवादी सानुकान्छा लामाको हकमा** बिगो रू.१,१८,७४,६१४.२३ (अक्षेरेपी एक करोड, अठार लाख चौहत्तर हजार छ सय चौध रुपैया तेईस पैसा मात्र) बराबरको बिगो कायम गरी चल/अचल सम्पत्तिहरु **जफत हुन, प्रतिवादी नारायण प्रसाद रिमालको हकमा** बिगो रू.२१,४९,८६,९१२.०३ (अक्षेरेपी एकाईस करोड उनन्चास लाख त्रियासी हजार नौ सय बाह्र रुपैंया तिन पैसा मात्र)

बराबरको बिगो कायम गरी चल अचल सम्पत्ति, **जफत हुन**, **प्रतिवादी ईन्दु थापाको हकमा** बिगो रू.१,६२,०७,६९१.९७ (अक्षरेपी एक करोड बैसठ्ठी लाख सात हजार छ सय एकानब्बे रुपैया सन्तानब्बे पैसा मात्र) बराबरको बिगो कायम गरी चल/अचल सम्पत्तिहरु **जफत** हुन, **प्रतिवादी कञ्चन तामाङ लामाको हकमा** बिगो रू.३,९५,१५,१९९.७७ (अक्षरेपी तिन करोड पन्चानब्बे लाख पन्ध्र हजार एक सय उनान्सय रुपैंया सत्तहतर पैसा मात्र) बराबरको बिगो कायम गरी चल अचल सम्पत्ति, नगद, शेयर र सोबाट बढे बढाएको सम्पत्तिहरू **जफत हुन, प्रतिवादी उद्वव प्रसाद पाण्डेको हकमा** बिगो रू.३,९२,३१,८३६.९३ (तीन करोड बयानब्बे लाख एकतिस हजार आठसय छत्तिस रुपैंया त्रियानब्बे पैसा) कायम गरी चल अचल सम्पत्ति, नगद, शेयर र सोबाट बढे बढाएको सम्पत्तिहरू **जफत हुन, विभिन्न १३ कानुनी व्यक्ति उपर** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३० को उपदफा (८) बमोजिम सजाय हुन साथै उल्लेखित कम्पनीहरुमा प्रतिवादीहरुको नाममा भएका शेयर, बैंक खातामा रहेको मौज्दात रकम, जग्गा जमिन जफत हुन मागदावी लिई जिल्ला सरकारी वकील कार्यालय काठमाडौंले काठमाडौं जिल्ला अदालतमा अभियोग पत्र दायर गरिएको छ।

सूचना अधिकारी